# स्थानीय तह निर्वाचन विवाद निरुपण निर्देशिका, २०७४

निर्वाचन आयोगबाट स्वीकृति मिति : २०७४।१।१३

**प्रस्तावना** : स्थानीय तहको निर्वाचनका सन्दर्भमा पर्ने उजुरी तथा विवादको निरुपण गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्नु वाञ्छनीय भएकोले स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७१ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाई लागू गरेको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "स्थानीय तह निर्वाचन विवाद निरुपण निर्देशिका, २०७३" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अनुगमनकर्ता" भन्नाले निर्वाचनको काम कारबाहीको अनुगमन गर्न आयोगले खटाएको अनुगमनकर्ता सम्झनु पर्छ र सो शब्दले त्यसरी अनुगमन गर्न आयोगले गठन गरेको अनुगमन टोली वा अनुगमन समितिलाई समेत जनाउँछ ।

(ख) "आचार संहिता" भन्नाले निर्वाचन आचार संहिता, २०७२ र स्थानीय तह निर्वाचन आचार संहिता, २०७३ सम्झनु पर्छ ।

(ग) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(घ) "उजुरी" भन्नाले दफा ५ बमोजिमको निर्वाचन सम्बन्धी उजुरी सम्झनु पर्छ ।

(ङ) "ऐन" भन्नाले स्थानीय तह निर्वाचन ऐन, २०७३ सम्झनु पर्छ ।

(च) "निर्वाचन" भन्नाले स्थानीय तहको निर्वाचन सम्झनु पर्छ ।

(छ) "निर्वाचन अधिकारी" भन्नाले जिल्ला निर्वाचन कार्यालय वा क्षेत्रीय निर्वाचन कार्यालयको प्रमुखको रुपमा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(ज) "निर्वाचन अधिकृत" भन्नाले स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७ बमोजिम आयोगबाट नियुक्त भएको मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(झ) "निर्वाचन विवाद" भन्नाले स्थानीय तह निर्वाचन ऐन, २०७३ बमोजिम उच्च अदालतको कार्यक्षेत्र भित्रपर्ने र निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ अन्तर्गतको विवाद बाहेक निर्वाचन सम्बन्धी अन्य सबै किसिमका विवाद सम्झनु पर्छ ।

(ञ) “मतदान अधिकृत” भन्नाले स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ११ बमोजिम नियुक्त भएको मतदान अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक मतदान अधिकृतलाई समेत जनाउँछ ।

(ट) “समिति” भन्नाले दफा ३ बमोजिम गठन भएको निर्वाचन विवाद निरुपण समिति सम्झनु पर्छ ।

परिच्छेद-२

## निर्वाचन विवाद निरुपण समिति

३. **निर्वाचन विवाद निरुपण समिति** : (१) निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रणको क्रममा आई पर्ने उजुरी सम्बन्धमा कारबाही गर्न तथा निर्वाचन विवाद निरुपण गर्न देहाय बमोजिमको एक निर्वाचन विवाद निरुपण समिति गठन गरिएको छ :-

| | | |
|---|---|---|
| (क) | माननीय निर्वाचन आयुक्त (निर्वाचन विवाद निरुपण हेर्ने) | - संयोजक |
| (ख) | सचिव, निर्वाचन आयोग | - सदस्य |
| (ग) | सचिव, कानून, न्याय, तथा संसदीय मामिला मन्त्रालय | - सदस्य |
| (घ) | सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| (ङ) | सचिव, गृह मन्त्रालय | - सदस्य |
| (च) | नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| (छ) | सहसचिव, कानून तथा राजनीतिक दल सम्बन्ध महाशाखा, निर्वाचन आयोग | - सदस्य |
| (ज) | उपसचिव (कानून), कानून शाखा, निर्वाचन आयोग | - सदस्य |
| (झ) | उपन्यायाधिवक्ता, राजनीतिक दल सम्बन्ध शाखा, निर्वाचन आयोग | - सदस्य-सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) समितिले उजुरी सम्बन्धी कारबाही तथा निर्वाचन विवाद निरुपणका सन्दर्भमा सहयोगका लागि आवश्यकता अनुसार निर्वाचन विवाद निरुपण उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(४) समिति तथा उपदफा (३) बमोजिम गठन हुने उपसमिति वा कार्यदलको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ, कर्मचारी र अन्य व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) समिति तथा उपदफा (३) बमोजिम गठन हुने उपसमिति वा कार्यदलको निर्णय सम्बन्धित समिति, उपसमिति वा कार्यदलको संयोजकले प्रमाणित गर्नेछ ।

(६) समिति तथा उपदफा (३) बमोजिम गठन हुने उपसमिति वा कार्यदलको बैठक सम्बन्धी अन्य कार्यविधि त्यस्तो समिति, उपसमिति वा कार्यदल आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोगको क्षेत्राधिकार भित्रका उजुरी वा निर्वाचन विवादको सम्बन्धमा अध्ययन तथा छानबिन गर्ने वा गराउने,

(ख) खण्ड (क) बमोजिमको अध्ययन र छानबिनको आधारमा आयोगसमक्ष पेश गर्नुपर्ने देखिएको विषयमा आफ्नो राय सहितको सिफारिस पेश गर्ने,

(ग) उजुरी तथा निर्वाचन विवाद निरुपणको सन्दर्भमा निर्वाचन अधिकृत वा अनुगमनकर्ताले माग गरेको विषयमा आवश्यक निर्देशन दिने,

(घ) उजुरी तथा निर्वाचन विवाद निरुपणका सम्बन्धमा आयोगले तोके बमोजिमको अन्य कार्य गर्ने ।

## परिच्छेद-३
## उजुरी तथा निर्वाचन विवादको छानबिन र निर्णय

५. **उजुरी दिनु पर्ने** : (१) निर्वाचन विवाद सम्बन्धी उजुरी दिन चाहने व्यक्तिले सम्बन्धित मतदान अधिकृत, निर्वाचन अधिकृत, अनुगमनकर्ता वा आयोग समक्ष त्यस्तो उजुरी दिनु पर्ने अवस्था सिर्जना भएको अठ्चालीस घण्टाभित्र त्यस्तो उजुरी दिनुपर्ने कारण र सो सम्बन्धी कुनै प्रमाण भए सोसमेत संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा उजुरी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी प्राप्त भएमा त्यस्तो उजुरी सम्बन्धित मतदान अधिकृत, निर्वाचन अधिकृत वा आयोगले दर्ता गर्नु पर्नेछ । अनुगमनकर्ताले उजुरी लिएकोमा त्यस्तो उजुरी जुन निर्वाचन अधिकृतको क्षेत्राधिकार भित्रको हो सोही निर्वाचन अधिकृतको कार्यालयमा दर्ता गराउन सकिनेछ ।

(३) निर्वाचन विवाद सम्बन्धी कुनै उजुरी निर्वाचन अधिकारी समक्ष प्राप्त भएमा निजले सो उजुरी सम्बन्धित निर्वाचन अधिकृत वा आयोग समक्ष तुरुन्त पठाउनु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उजुरी दिने व्यक्तिले निर्धारित ढाँचामा उजुरी नदिएको अवस्थामा समेत त्यस्तो उजुरी सम्बन्धी विषयमा कारबाही अगाडि बढाउन बाधा पुगेको मानिने छैन ।

(५) उपदफा (१) बमोजिम उजुरी दिने व्यक्तिले त्यस्तो उजुरी लिखित रुपमा नदिई मौखिक वा टेलिफोनमार्फत दिएकोमा त्यस्तो उजुरी मनासिब देखिएमा सम्बन्धित मतदान अधिकृत, अनुगमनकर्ता, निर्वाचन अधिकृत वा आयोगले लिखितरुपमा अभिलेख गरी राख्नु पर्नेछ ।

६. **मतदान अधिकृत, अनुगमनकर्ता र निर्वाचन अधिकृतले विवाद निरुपण गर्ने** : (१) मतदान अधिकृतले आफूसमक्ष प्राप्त उजुरी तथा परेका निर्वाचन विवादको सम्बन्धमा छानबिन गरी उजुरी तथा निर्वाचन विवादको विषयवस्तु र सोको छानबिनबाट देखिएको यथार्थता समेतलाई विचार गरी सो सम्बन्धमा प्रचलित कानून बमोजिम आफैंले समाधान गर्न मिल्ने जति आफैं र आफूले समाधान गर्न नमिल्ने प्रकृतिको उजुरी तथा निर्वाचन विवाद भएमा सम्बन्धित निर्वाचन अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(२) अनुगमनकर्ता समक्ष प्राप्त भएका उजुरी तथा परेका निर्वाचन विवादका सम्बन्धमा अनुगमनकर्ताले आवश्यक छानबिन गरी उजुरी तथा निर्वाचन विवादको विषयवस्तु र सोको छानबिनबाट देखिएको यथार्थता समेतलाई विचार गरी सो सम्बन्धमा प्रचलित कानून बमोजिम आफैंले समाधान गर्न मिल्ने जति आफैं र आफूले समाधान गर्न नसकिने प्रकृतिको उजुरी तथा निर्वाचन विवाद भएमा समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) निर्वाचन अधिकृत समक्ष प्राप्त भएका उजुरी तथा परेका निर्वाचन विवाद सम्बन्धमा आवश्यक छानबिन गरी उजुरी तथा निर्वाचन विवादको विषयवस्तु र सोको छानबिनबाट देखिएको यथार्थता समेतलाई विचार गरी सो सम्बन्धमा प्रचलित कानून बमोजिम आफैंले समाधान गर्न मिल्ने जति आफैं र आफूले समाधान गर्न नसकिने प्रकृतिको उजुरी तथा निर्वाचन विवाद भएमा समिति समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम अनुगमनकर्ता वा निर्वाचन अधिकृतले पेश गरेका वा आयोग समक्ष सिधै प्राप्त भएका उजुरी तथा परेका निर्वाचन विवाद सम्बन्धमा समितिले आवश्यक छानबिन गरी आफ्नो राय सहित आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(५) उजुरी तथा निर्वाचन विवाद सम्बन्धमा सम्बन्धित मतदान अधिकृत, निर्वाचन अधिकृत र अनुगमन टोलीले गरेको कारबाहीको जानकारी समितिमा तुरुन्त पठाउनु पर्नेछ । यसरी जानकारी पठाउँदा मतदान अधिकृतले गरेको कारबाहीको जानकारी निर्वाचन अधिकृत मार्फत पठाउनु पर्नेछ ।

७. **आयोगले निर्णय गर्ने** : समितिले दफा ६ को उपदफा (४) बमोजिम छानबिन गरी राय सहित पेश गरेको उजुरी तथा निर्वाचन विवाद सम्बन्धमा आयोगले निर्णय गर्नेछ ।

८. **उम्मेदवारको अयोग्यता सम्बन्धी निर्णय गर्ने** : (१) उम्मेदवारको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भई नसकेको अवस्थामा कुनै उम्मेदवार अयोग्य छ वा हुन गएको छ भन्ने विषयमा स्पष्ट प्रमाण सहित सम्बन्धित निर्वाचन अधिकृत मार्फत निर्वाचन आयोग समक्ष उजुरी दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी प्राप्त भएमा सम्बन्धित निर्वाचन अधिकृतले त्यस्तो उम्मेदवारलाई सात दिनको म्याद दिई त्यस सम्बन्धमा स्पष्टीकरण माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम स्पष्टीकरण प्राप्त भएपछि वा म्यादभित्र स्पष्टीकरण प्राप्त नभएमा सोही व्यहोरा उल्लेख गरी सम्बन्धित निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम परेको उजुरी र तत्सम्बन्धी कागजात यथाशीघ्र आयोगमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम उजुरी र तत्सम्बन्धी कागजात प्राप्त भएपछि आयोगले चाहेमा सम्बन्धित उम्मेदवारसँग बुझ्न वा थप प्रमाण माग गर्न सक्नेछ ।

(५) आयोगले यस दफा बमोजिम प्राप्त उजुरी र संलग्न कागजात उपर आवश्यक जाँचबुझ गरी उपदफा (३) बमोजिम निर्वाचन अधिकृतबाट आफू समक्ष उजुरी प्राप्त भएको मितिले सात दिनभित्र उम्मेदवारको अयोग्यता सम्बन्धमा निर्णय गरिसक्नु पर्नेछ ।

(६) यस दफा बमोजिम आयोगले उम्मेदवारको अयोग्यता सम्बन्धमा निर्णय गर्दा अपनाउनु पर्ने कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले कुनै उम्मेदवारको अयोग्यताका सम्बन्धमा यस दफा बमोजिम निर्णय गरी नसकेको कारणबाट मात्र त्यस्तो निर्वाचनको काम कारबाहीमा कुनै असर पर्ने छैन ।

## परिच्छेद-४
## विविध

९. **लैङ्गिक हिंसा सम्बन्धी उजुरी तथा निर्वाचन विवादलाई प्राथमिकता दिने :** यस निर्देशिका बमोजिम उजुरी सम्बन्धी कारबाही गर्दा तथा निर्वाचन विवादको निरुपण गर्दा लैङ्गिक हिंसा सम्बन्धी उजुरी तथा निर्वाचन विवादलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

१०. **कारबाहीको अभिलेख** : यस निर्देशिका बमोजिम उजुरीका सम्बन्धमा भएका कारबाही वा निर्णयको अभिलेख सम्बन्धित पदाधिकारीले सुरक्षित राख्नु वा राख्न लगाउनु पर्नेछ ।

११. **बैठक भत्ता तथा खाजा खर्च** : समिति तथा समितिले गठन गरेको उपसमिति वा कार्यदलको बैठक कार्यालय समय अघि वा पछिको समयमा बसेको अवस्थामा त्यस्तो समिति, उपसमिति वा कार्यदलका संयोजक, सदस्य तथा आमन्त्रित व्यक्तिले आयोगले गठन गरेका समानस्तरका अन्य समिति, उपसमिति वा कार्यदलका पदाधिकारी, सदस्य तथा आमन्त्रित व्यक्तिले पाए सरहको बैठक भत्ता तथा खाजा खर्च पाउनेछन् ।

१२. **उजुरी उपर कारबाही गर्ने तथा निर्वाचन विवाद निरुपण गर्ने अधिकारीको विवरण** : उजुरी उपर कारबाही गर्ने तथा विवाद निरुपण गर्ने अधिकारी र त्यस्तो अधिकारीबाट हुने कारबाहीको विवरण अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

१३. **समितिको कार्यावधि** : (१) समितिको कार्यावधि स्थानीय तहको निर्वाचन सम्पन्न भई अन्तिम नतिजा प्रकाशन नभएसम्म कायम रहनेछ ।

(२) उपदफा (१) बमोजिम समितिको कार्यावधि समाप्त भए पछि समितिमा कारबाहीको रहेका उजुरी तथा निर्वाचन विवाद निरुपण सम्बन्धी विषय आयोगमा पेश हुनेछन् ।

## अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## उजुरीको ढाँचा

श्री निर्वाचन आयोग/निर्वाचन अधिकृत/

मतदान अधिकृत/अनुगमनकर्ता/अनुगमन टोली

........................................

विषय : उजुरी सम्बन्धमा ।

मिति ...................... मा हुने स्थानीय तहको निर्वाचनको सन्दर्भमा निर्वाचन आयोग ऐन, २०७३/ स्थानीय तह निर्वाचन ऐन, २०७३/उल्लिखित ऐन अन्तर्गत बनेका नियमावली उल्लङ्घन गरी देहायको काम कारबाही भएकोले सो कार्य रोकी उल्लङ्घनकर्तालाई कानून बमोजिम कारबाहीको लागि यो उजुरी दिएको छु :-

१. उल्लङ्घनकर्ताको नाम :-

२. ठेगाना/संलग्न संस्था/निकाय :-

३. उजुरीको संक्षिप्त व्यहोरा :-..........................................................................................
......................................................................................................................................

४. संलग्न प्रमाण :-..........................................................................................................
......................................................................................................................................

**उजुरीकर्ताको,-**

दस्तखत :

नाम, थर :

सम्पर्क ठेगाना :

सम्पर्क फोन नं./मोबाईल नं.:

मिति :

द्रष्टव्य : (१) उजुरीकर्ताले निजको परिचय गोप्य राख्न अनुरोध गरेमा निजको परिचय गोप्य राख्नु पर्नेछ ।

(२) उजुरी मौखिक रुपमा वा कुनै सञ्चारको साधनबाट समेत दिन सकिनेछ ।

अनुसूची-२

(दफा १२ सँग सम्बन्धित)

**उजुरी उपर कारबाही गर्ने तथा विवाद निरुपण गर्ने अधिकारी सम्बन्धी विवरण**

१. **निर्वाचन आयोगबाट कारबाही हुने विषयहरु :**

(क) **निर्वाचन आयोग ऐन, २०७३ सँग सम्बन्धित विषयहरु :**

(१) दफा ९ बमोजिम उम्मेदवारको अयोग्यता सम्बन्धमा,

(२) दफा १० बमोजिम निर्वाचनको कुनै काम वा मतदानको कामको निष्पक्षता र स्वतन्त्रतामा असर पुऱ्याउने काम भएको भनी परेको उजुरी वा सो सम्बन्धी जाँचबुझ प्रतिवेदनको आधारमा सम्बन्धित मतदान केन्द्रको मतदानको काम रद्द गर्ने सम्बन्धमा,

(३) दफा ४३ बमोजिम कुनै निर्वाचनको काममा खटिएको नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कर्मचारी, नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्थाको कुनै कर्मचारी, सुरक्षाकर्मी, विश्वविद्यालय वा सामुदायिक विद्यालयको शिक्षक वा कर्मचारीले निर्वाचनको स्वतन्त्रता, स्वच्छता र निष्पक्षतामा आँच आउने कुनै काम गरेमा त्यस्तो कर्मचारी, सुरक्षाकर्मी वा शिक्षकलाई निर्वाचन सम्बन्धी निजको जिम्मेवारीबाट हटाउने र त्यस्तो कर्मचारी, सुरक्षाकर्मी वा शिक्षकलाई निलम्बन गर्नु पर्ने भएमा तत्काल निलम्बन गर्ने वा सम्बन्धित अख्तियारवाला समक्ष निलम्बनको लागि सिफारिस गर्ने सम्बन्धमा,

(४) दफा ४४ बमोजिम निर्वाचनको काममा नियुक्त गरिएका, खटाइएका वा तोकिएका वा आयोगको आदेश, निर्देशन पालना गर्नु पर्ने कर्तव्य भएका कुनै निजामती कर्मचारी, सुरक्षाकर्मी वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कर्मचारी वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्थाको कर्मचारीले कामको सिलसिलामा प्रचलित कानून, आदेश वा निर्देशनको जानी-जानी उल्लङ्घन हुने गरी वा बदनियतले कुनै काम गरेमा वा निर्वाचनको निष्पक्षतामा असर पर्ने काम गरेमा आयोगले त्यस्तो कर्मचारी, सुरक्षाकर्मी उपर निजको सेवा शर्त सम्बन्धी प्रचलित कानूनबमोजिम अख्तियारवालाको अधिकार प्रयोग गरी कानून बमोजिम विभागीय कारबाही गर्ने वा सो बाहेकका अन्य कर्मचारी वा पदाधिकारीलाई निजको सेवा शर्त सम्बन्धी प्रचलित कानूनबमोजिम विभागीय कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने सम्बन्धमा,

(५) दफा ४९ बमोजिम आयोगले जारी गरेको आदेश उल्लङ्घन गर्ने सरकारी, अर्धसरकारी निकाय वा संस्था, निजी क्षेत्र वा गैरसरकारी संस्था, राजनीतिक दल तथा त्यसका पदाधिकारी, मतदाता, उम्मेदवार र निजको प्रतिनिधि, निर्वाचनको प्रचार-प्रसार तथा अनुगमनमा संलग्न व्यक्ति र आयोगले तोकेको संस्था वा व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्ने सम्बन्धमा ।

**(ख)** **स्थानीय तह निर्वाचन ऐन, २०७३ सँग सम्बन्धित विषयहरु :**

(१) दफा २६ को उपदफा (४) बमोजिम दलको उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरिसकेपछि त्यस्तो उम्मेदवारले आफ्नो दल त्याग गरेमा वा अर्को दलमा प्रवेश गरेमा र त्यस्तो उम्मेदवार निर्वाचित भई सम्बन्धित दलले प्रमाण सहित उजुरी दिएमा निजको सदस्यता खारेज गर्ने सम्बन्धमा,

(२) दफा ४९ बमोजिम मतगणनाको कार्य सम्पन्न हुनुभन्दा पहिले कुनै मतदान केन्द्रमा प्रयोग गरिएको मतपत्र, मतपत्र रहेको मतपेटिका निर्वाचन अधिकृतको नियन्त्रणबाट गैरकानूनी तवरले अन्यत्र लगिएमा वा खोलिएमा वा नोक्सान गरिएमा वा तोडफोड गरिएमा वा हराएमा वा दुर्घटनावश नोक्सान भएमा निर्वाचन अधिकृतले मतगणनाको कार्य स्थगित गरी आयोगलाई प्रतिवेदन दिएकोमा आयोगले त्यस्तो मतदान केन्द्रको मतदान अवैध घोषणा गर्ने र पुनः मतदान गर्ने मिति र समय तोक्न निर्देशन दिने सम्बन्धमा,

(३) दफा ५० बमोजिम मतगणनास्थलको अनधिकृत कब्जा भएमा निर्वाचन अधिकृतले मतगणनाको कार्य तत्काल स्थगित गरी त्यसको प्रतिवेदन आयोगलाई दिएकोमा त्यस्तो घटनाको जाँचबुझ गर्न खटाइएको आयुक्त वा अनुगमन टोलीको प्रतिवेदनको आधारमा सो कब्जाबाट असर परेको मतदान केन्द्रहरुको सम्पूर्ण मतपत्र अवैध घोषणा गरी मतदान रद्द गर्ने सम्बन्धमा,

(४) दफा ६९ बमोजिम कुनै निर्वाचन अधिकृतले संविधान, कानून, निर्देशिका, कार्यविधि र आयोगले दिएको निर्देशन विपरित कार्य गरेमा आयोगले त्यस्तो निर्वाचन अधिकृतको नियुक्ति बदर गरी अर्को निर्वाचन अधिकृत नियुक्त गर्ने वा विभागीय कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने सम्बन्धमा ।

२. **निर्वाचन अधिकृतबाट कारबाही हुने विषयहरु :**

**(क)** **निर्वाचन आयोग ऐन, २०७३ सँग सम्बन्धित विषय** : दफा ९ बमोजिम उम्मेदवारको अयोग्यता सम्बन्धमा प्रश्न उठेमा त्यस्तो उम्मेदवारलाई स्पष्टीकरण माग गरी निर्णयको लागि कागजात सहित आयोगमा पठाउने सम्बन्धमा ।

**(ख)** **स्थानीय तह निर्वाचन ऐन, २०७३ सँग सम्बन्धित विषयहरु :**

(१) दफा १९ को उपदफा (५) बमोजिम उम्मेदवारको योग्यता सम्बन्धी उजुरी सम्बन्धमा,

(२) दफा २० बमोजिम मनोनयन पत्रको जाँच सम्बन्धमा,

(३) दफा २० को उपदफा (३) बमोजिम मनोनयन पत्रको जाँच सम्बन्धी कारबाही स्थगित गर्ने सम्बन्धमा,

(४) दफा २६ बमोजिम निर्वाचन चिन्ह वितरण सम्बन्धमा,

(५) दफा ३९ बमोजिम मतपेटिका नोक्सान भएमा वा तोडफोड गरिएकोमा मतदान स्थगित गरी आयोगलाई प्रतिवेदन दिने सम्बन्धमा,

(६) दफा ४० बमोजिम विशेष परिस्थितिमा मतदानको काम हुन नसक्ने कुरामा विश्वस्त भएमा मतदान कार्य तत्काल स्थगित गरी आयोगलाई जानकारी दिने सम्बन्धमा,

(७) दफा ४१ बमोजिम मतदान केन्द्रको अनधिकृत कब्जा भएकोमा मतदान अधिकृतले दिएको प्रतिवेदन समेतको आधारमा आयोगलाई प्रतिवेदन दिने सम्बन्धमा,

(८) दफा ३९, ४० वा ४१ बमोजिम मतदान केन्द्रको अनधिकृत कब्जा भएमा, मतदान केन्द्रमा हुलदङ्गा लगायत अन्य असामान्य परिस्थिति उत्पन्न भई वा उपद्रव, प्राकृतिक विपत्ति वा काबुबाहिरको कुनै कारणले मतदानको काम सुचारु हुन नसकी मतदान स्थगित भएकोमा उक्त मतदान केन्द्रमा पुनः मतदान हुने मिति र समय तोक्ने सम्बन्धमा,

(९) दफा ४९ बमोजिम मतगणना पूरा हुनुअघि मतपत्र नोक्सान भएमा मतगणनाको काम स्थगित गरी आयोगलाई प्रतिवेदन दिने सम्बन्धमा,

(१०) दफा ५० बमोजिम मतगणनास्थलको अनधिकृत कब्जा भएकोमा मतगणनाको कार्य तत्काल स्थगित गरी आयोगलाई प्रतिवेदन दिने सम्बन्धमा,

(११) दफा ५१ बमोजिम मतपत्र बदर गर्ने सम्बन्धमा,

(१२) दफा ५२ बमोजिम दोहोऱ्याई मतगणना गर्ने सम्बन्धमा ।

## ३. मतदान अधिकृतबाट कारबाही हुने स्थानीय तह निर्वाचन ऐन, २०७३ सँग सम्बन्धित विषयहरु :

(१) दफा ३५ बमोजिम नाम ढाँटी मतदान गर्न आएको विषयमा पर्ने उजुरी सम्बन्धमा,

(२) दफा ३६ को उपदफा (२) बमोजिम हातहतियार लिई वा मादक पदार्थ सेवन गरी मतदान केन्द्रमा प्रवेश गर्न नदिने सम्बन्धमा,

(३) दफा ३९ बमोजिम मतपेटिका नोक्सान भएमा वा तोडफोड भएमा प्रतिवेदन दिने सम्बन्धमा,

(४) दफा ४० बमोजिम विशेष परिस्थितिमा मतदान स्थगित गर्ने सम्बन्धमा,

(५) दफा ४१ बमोजिम मतदान केन्द्रको अनधिकृत कब्जा भएमा मतदान स्थगित गर्ने सम्बन्धमा,

(६) दफा ६१ बमोजिम निविदा मतपत्र दिने सम्बन्धमा ।